नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
☎ ०९१-५२११०१ 🖷 ५२६४४७
daokailali@moha.gov.np
dao.kailali@gmail.com
daokailali.moha.gov.np
facebook.com/daokailali/
PH3R+63, Dhangadhi
(स्थानीय प्रशासन शाखा)
धनगढी,कैलाली

प.सं. ०८२।८३
च.नं.

मितिः-

## कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

देशको साविकको अवस्था तथा सार्वजनिक शान्ति-सुरक्षा, कानून-व्यवस्था र नागरिकको दैनिकी जीवनलाई असर पुऱ्याउन सक्ने सम्भावित परिस्थितिलाई मध्यनजर गरी स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३) बमोजिम **कैलाली जिल्लाभर लागू हुने गरी** विभिन्न मितिहरूमा जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट प्रतिवन्धात्मक आदेश जारी भएकोमा हाल जिल्लाको पछिल्लो अवस्था, शान्ति-सुरक्षाको समग्र स्थिति समेतलाई समेत दृष्टिगत गरी हाललाई जिल्लाभर लगाईएको सो प्रतिवन्धात्मक आदेशलाई परिमार्जन गरि **अर्को व्यवस्था नभएसम्मका लागि** देहायका शर्तका आधारमा तपसिल बमोजिमको स्थानमा मात्र लागु हुने गरी निषेधाज्ञा जारी गरिएको छ। सोको पालनाका लागि सरोकारवालाहरू, सञ्चार माध्यम, स्थानीय तह, राजनीतिक दल, नागरिक समाजका प्रतिनिधि, व्यापारी, उद्योगी, संघ-संस्था तथा आम नागरिकहरूलाई हार्दिक अनुरोध गर्दछु।

निम्न

क) स्थानहरु:

१. संघ, प्रदेश तथा स्थानीय तहका विभिन्न कार्यालय भवन, सुरक्षा निकायका कार्यालयहरु तथा परिसरहरु,

२. अत्यावश्यक वस्तु, सेवा आपूर्तिका स्थलहरु, मठ मन्दिरहरु तथा मुख्य बजार केन्द्रहरु,

ख) शर्तहरु:

१. कुनै प्रकारको हुलदंगा, अशान्ति हुने गरी साना हतियार, घरेलु हतियार, लाठी जस्ता सामाग्रीहरु लिई विरोध र्‍याली सभा तथा जुलुसमा सहभागी हुन नपाउने।

२. कुनै पनि व्यक्तिको घर, राजनैतिक दलका पार्टी कार्यालयहरुलाई क्षति वा असर पुग्ने प्रकृतिका आन्दोलन वा गतिविधि गर्न नपाउने।

३. आम सर्वसाधारणको आवात जावतलाई अवरोध नगर्ने,

४. जुलुस तथा सभामा कलिला वालवालिकाहरुको प्रयोग नगर्ने नगराउने।

**मितिः २०८२।०५।२८**
**ने.सं. ११४५**

२०८२।५।२८
कृष्णप्रसाद लम्साल
प्रमुख जिल्ला अधिकारी